उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८३/०८४
चलानी नंः ९५

## सेवा करारमा पद पूर्तिको लागि दरखास्त आह्वान गरिएको सूचना

(प्रथम पटक सूचना प्रकाशन भएको मिति : २०८३/०४/०४)

ने.स. ११४६ दिल्लाथ्व, ७, सोमबार

उमाकुण्ड गाउँपालिकाको एक विद्यालय एक स्वास्थ्यकर्मी (अ.न.मि.) कार्यक्रम सञ्चालन कार्यविधि २०८१ मा भएको व्यवस्था बमोजिम विभिन्न माध्यमिक विद्यालयहरूमा रिक्त रहेको अ.न.मि. पदमा सेवा करार मार्फत पदपूर्ति गर्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८३/०४/१८) गते सम्म रितपुर्वक दरखास्त दिन हुन सम्वन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपशिल

| क्र.सं. | विज्ञापन नं | पद | तह | शैक्षिक योग्यता | माग संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०१, २०८३/२०८४ | अ.न.मि. | सहायकस्तर चौथो | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. वा सो भन्दा माथीको योग्यता पुरा गरेको । | ३ | रू ५०० |

१.दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातः

(क) व्यक्तिगत विवरण सहितको दरखास्त फाराम (ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (घ) सम्वन्धित व्यवसायिक काउन्सिल/परिषद् मा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि (ङ) समय खुलेको अनुभवको प्रमाणपत्रको प्रतिलिपि (च) नगद जम्मा गरेको भौचर वा नगदी रसिद (पेश गरिने सवै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्ने छ ।

२. उमेर हदः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

३. दरखास्त पेश गर्ने स्थानः गाउँ कार्यपालिकाको कार्यालय प्रिति ।

४. दरखास्त दस्तुर बुझाउने स्थानः उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको Local Revenue Portal बाट वा कार्यालयमा नगद बुझाउन सकिने छ । यस सम्वन्धमा कुनै समस्य भएमा आन्तरिक राजश्व शाखाको सम्पर्क नं ९८६६४३३८४४ मा सम्पर्क गर्न सकिने छ ।

५. दरखास्त फाराम पाईने स्थानः गाउँ कार्यपालिकाको कार्यालय वा गाउँपालिकाको वेवसाइड www.umakundamun.gov.npबाट Downloadगर्न सकिने छ ।

६. सेवा सुविधाः नियमानुसार

७. परिक्षाको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता ।

८. परिक्षा सम्वन्धी अन्य जानकारी श्रावण १८ गते पछि प्रकाशन गरिने छ ।

९. सूचनामा उल्लेख हुन छुट भएको विषयहरूमा प्रचलित कानून बमोजिम हुने छ ।

१०. दरखास्त स्वीकृत/अस्वीकृत वा विज्ञापन रद्ध गर्ने सम्वन्धी सम्पुर्ण अधिकार गाउँपालिकामा निहित हुने छ ।

२०८३।०४।०४

डावा शेर्पा
प्रमुख प्रशासकीय अधिकृत

डावा शेर्पा
प्रमुख प्रशासकीय अधिकृत